जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीको अध्यक्षतामा आज मिति २०७९/०४/०३ गते मङ्गलवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

| क्र.स. | नाम थर | पद | कार्यालयको नाम | दस्तखत |
|---|---|---|---|---|
| १ | लालबाबु कवारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय सिरहा | |
| २ | सुमन थापा | प्रमुख सेनानी | शेर गण चोहर्वा, सिरहा | |
| ३ | अर्जुन प्रसाद तिमिल्सिना | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ४ | रमेश कुमार थापा | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. | |
| ५ | तुलसीराम प्रसाई | उप.अ.नि. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा | |
| ६ | मो. इद्रिस राईन | जनस्वास्थ्य अधिकृत | सिरहा नगरपालिकाको कार्यालय, सिरहा | |
| ७ | अशोक कुमार सिंह | जन स्वास्थ्य निरीक्षक | प्रादेशिक अस्पताल सिरहा | |
| ८ | कृष्ण देव यादव | स्वास्थ्य प्रमुख | जन स्वास्थ्य कार्यालय, सिरहा | |
| ९ | डा. दिलिप कुमार सदा | मे.अ. | POE माडर, सिरहा | |
| १० | देव कुमार यादव | केन्द्रीय सदस्य | नेपाल पत्रकार महासंघ | |
| ११ | आनन्द पौडेल | स.प्र.उ.अ. | | |
| १२ | / | / | / | |

जिल्ला प्रशासन कार्यालय
सिराहा

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सिरहाको बैठक मिति २०७९/०४/०३ गतेको निर्णय।**

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ०५ मिति २०७९/०४/०२ को पत्र साथ प्राप्त निर्णयको व्यहोरा बैठकमा अवगत भयो।

२. हाल सिरहा जिल्लामा कोभिड-१९ संक्रमित व्यक्तिको संख्या एक रहेको र निज होम आईसोलेसनमा रहेको। कोभिड-१९ बिरुद्ध खोपको पहिलो मात्रा (>१२ वर्ष उमेर समूह) प्रगति ९३ प्रतिशत र दोस्रो (>१२ वर्ष उमेर समूह) मात्राको प्रगति ८४ प्रतिशत रहेको व्यहोरा अवगत भयो।

३. कोभिड-१९ को संक्रमण बिगत केहि हप्ता देखि विभिन्न जिल्लाहरुमा निरन्तर बढ्दै गई रहेको सन्दर्भमा कोभिड-१९ को निगरानी, परीक्षण, खोप लगायतको प्रतिकार्य गतिविधिहरुको लागि आवश्यक तयारी लगायतका विषयहरुमा देहाय अनुसार गर्ने निर्णय गरियो।

- जिल्ला स्थित प्रादेशिक अस्पतालहरु र स्थानीय तह मातहतका स्वास्थ्य संस्थाहरुमा आवश्यक बेड, स्वास्थ्य सामाग्री, जनशक्ति, औषधी र अक्सिजन लगायतका आवश्यक सामाग्रीहरु तयारी अवस्थामा राख्न अनुरोध गर्ने।
- POE सिरहा, माडरमा कोभिड-१९ को स्क्रिनिङ्ग लगायतका कार्यलाई तिव्रता दिने र सोको व्यवस्थापनका लागि सिरहा नगरपालिकालाई अनुरोध गर्ने।
- सीमा नाका जोडिएका पालिकाहरुले Entry Point हरुमा यस अघि संचालनमा ल्याएका हेल्प डेस्कहरु पुन: संचालनमा ल्याउन अनुरोध गर्ने।
- भारत लगायत संक्रमण फैलिएका मुलुकहरु भ्रमण गरी फर्किएका व्यक्तिहरु,सक्रमितको सम्पर्कमा आएका व्यक्तिहरु तथा संकास्पद व्यक्तिहरुको अनिवार्य रुपमा Antigen Kit बाट Test गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने।
- कोभिड-१९ बिरुद्धको खोप लगाउन छुटेका व्यक्तिहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुलाई लक्षित गरी खोप/बुस्टर खोप कार्यक्रम अभियानको रुपमा संचालन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने।
- सबै सार्वजनिक स्थल, संघ, संस्था निकायहरुमा जन स्वास्थ्यको मापदण्ड (SMS : Social Distance, Mask Use, Sanitize) को पालना गर्न सम्बन्धित सबैलाई अनुरोध गर्ने।
- सबै स्थानीय तहहरुलाई कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा नागरिकहरुलाई सतर्क रहन, जनस्वास्थ्यको मापदण्ड पालना गर्न तथा कोभिड बिरुद्धको खोप लगाउन सचेतना मुलक सार्वजनिक संदेश प्रचार प्रसार गर्न अनुरोध गर्ने।

प्रमुख जिल्ला अधिकारी